**Sudurpashim Spectrum**
A Multidisciplinary, Peer Reviewed Journal
ISSN : 3021-9701 (Print)
DOI:
Pubished by Faculty of Humanities and Social Sciences,
Far Western University, Mahendranagar, Nepal

# डोट्याली भाषामा वर्णभेद

***नारायणी भट्ट, पिएच.डी.****

**लेखसार**

प्रस्तुत लेख डोट्याली भाषाको वर्णभेदको अध्ययनमा आधारित रहेको छ । डोट्याली भाषा सुदूरपश्चिम क्षेत्रमा बोलिने इन्डो आर्यन पहाडी मातृभाषा हो । नेपाली भाषाका वर्णहरूका तुलनामा डोट्याली भाषामा वर्णभेद बढी देखिएको छ । डोट्याली भाषा प्राचीन र मध्यकालदेखि नै यहाँ जनस्तरमा अत्यधिक रूपमा प्रयोग प्रचलनमा रहँदै आएको र यसको शब्दभण्डार आफैँमा समृद्ध रहेकाले यस भाषामा अ, आ, ए, ओ कारमा ह्रस्व र दीर्घ मात्रा रहेका छन् । दीर्घ स्वर जनाउन विसर्ग (:) चिह्न प्रयोग गरिएको छ । ध्वनितात्त्विक आलेखन पद्धतिका आधारमा तयार पारिएको प्रस्तुत आलेखमा मानक नेपालीमा झैँ डोट्याली मातृभाषाका स्वर वर्णमा स्वरको अनुनासिकता वर्णात्मक छ भने व्यञ्जनमा चाँहि मानक नेपालीमा नपाइने दन्तमूलीय (न) र मूर्धन्य (ण) नासिक्यको वर्णभेद पाइएको छ । डोट्याली भाषाका शब्दहरूलाई हेर्दा अनुनासिक ह्रस्व स्वर, स्वर वर्णमा ह्रस्व दीर्घ मात्राको वर्णभेद, स्वरमा अनुनासिक-अननुनासिकता, व्यञ्जनमा घोषत्वको वर्णभेद, व्यञ्जनमा प्राणत्त्वको वर्णभेद, नासिक्य व्यञ्जनमा स्थानको वर्णभेद, उष्म व्यञ्जन र अन्तस्थ: व्यञ्जनमा स्थानको वर्णभेद पाइएको छ । प्रस्तुत लेख डोट्याली भाषाका यिनै वर्णगत विविधताको सोद्देश्यमूलक अध्ययनमा केन्द्रित रहेको छ ।

***मुख्यशब्दावली :*** लघुतम, अनुनासिक, अननुनासिक, अन्तस्थ, वर्णात्मक आलेखन, विसर्ग

****डा.नारायणी भट्ट,*** *उप प्रध्यापक (कैलाली बहुमुखी क्याम्पस, सुदूरपश्चिम विश्वविद्यालय)*
*Email: Narayanibhatt42@gmail.com*

## विषय प्रवेश

डोट्याली भाषा प्राचीन कालदेखि नै प्रयोग प्रचलनमा रहिआएको समृद्ध भाषा हो। वर्तमान डडेल्धुरा जिल्लाको अजयमेरकोट नै डोट्याली भाषिक क्षेत्रको केन्द्र मानिन्छ। ( पाण्डेय: २०६५, पृ. २८ )। ऐतिहासिक पृष्ठभूमिका दृष्टिले दार्चुला जिल्ला स्थित उकु-बाँकु क्षेत्रका निरञ्जनपाल देव / निरय पालको शासनपछि अजयमेरकोट र राजपुर डुम्राकोटका रैका रजौटा मल्ल वंशी एवं शाही शासन व्यवस्थासँगै निरन्तरता पाएको मानिन्छ। कत्युरी साम्राज्यको विखण्डन पश्चात् एउटा स्वतन्त्र राज्यका रूपमा शाके १२३५ ताका तत्कालीन शासक त्रैलोक्यपालदेव जसलाई त्रिलोकपाल र जगति पालका नामले सम्बोधन गरिन्थ्यो। उनीद्वारा स्थापित डोटी राज्यको राज भाषाका रूपमा डोट्याली भाषाको उदय भएको देखिन्छ। (रावल: २०७४, भूमिका)। राजाराम सुवेदीले डोट्याली बृहत् शब्दकोशको पश्च आवरण पृष्ठमा ऐतिहासिक कालमा पूर्वमा त्रिशुली, पश्चिममा काकडा र उत्तरमा मानसरोवर र दक्षिणमा बीस कोश तराईसम्म फैलिएको डोटी क्षेत्र भाषिक, सांस्कृतिक तथा पुरातात्त्विक स्रोतहरूको भण्डार मानिन्छ ( चटौत:२०५८) भनी यस क्षेत्रको गुणगान एवम् महिमा झल्काउने काम गरेका छन्। डोटी राज्यको इतिहास हेर्दा विक्रमको १२औँ शताब्दीतिर मानसरोवर प्रदेश (खारी प्रदेश) पोखरेल:२०२२) का राजा नागराजले जावेश्वर भूमि (जुम्ला) मा अधिकार जमाई सिञ्जामा ग्रीष्मकालीन र दुल्लुमा शीतकालीन राजधानी स्थापित गरे। यिनका छोरा नातिहरूले राज्यविस्तार गर्ने क्रममा आदित्य मल्लसम्म पुग्दा पूर्वमा गोर्खासम्म पश्चिममा गडवालसम्म, उत्तरमा ताघवाई गुम्बादेखि लिएर खारी प्रदेशसम्म आफ्नो बाहुल्यता बढाएका थिए। सिञ्जा साम्राज्यमा खसान र जडान दुई प्रान्त थिए, जडानमा भोटे भाषा बोलिन्थ्यो भने खसानमा नेपाली भाषा बोलिन्थ्यो। खसानमा बोलिने खस नेपाली भाषाले नै पछि राजकाजको भाषाको रूपमा मान्यता प्राप्त गर्‍यो। जुन कुरा आदित्य मल्ल १३७८ तथा पुण्य मल्लको १३८५ को गोर्खा अभिलेख ताम्रपत्र आदिबाट पुष्टि हुन आउँछ (पराजुली: २०४५, पृ. ३४)।

पाषाणे क्षीयते रेखा समुद्रे क्षीयते जलम्
पृथ्वीयां क्षीयते रेणु मल्लभाषा न क्षीयते (चटौत: २०५८)।

नन्दपर्वतामारम्भ यावत् काकगिरि स्मृत:

तावदवै मानसखण्ड ख्यायते नृपसत्तमम् । अर्थात् मानसरोवर नजिकको मानसखण्ड महाकाली पारि कुमाउँदेखि कर्णालीसम्मको भू- भाग हो (भट्ट भाइसाब, २०६९: १-४) । यही मानसखण्डभित्र पर्ने डोटी राज्य खसहरूको सिञ्जा राज्यको अधीनस्थ रहेको थियो । सपादलक्ष गिरि (सवा लाख पर्वतको देश) नामले ख्यातिप्राप्त खस राज्य शासित यस क्षेत्रको सिमाना पश्चिममा गड्वाल र पूर्वमा त्रिशुलीसम्म विस्तारित खस भाषा नै प्राचीन नेपाली भाषा हो (गौतम, २०४९: ४५) । त्यसैले तत्कालीन भौगोलिक रूपरेखा र भाषिक स्वरूपलाई हेर्दा वर्तमान डोट्याली भाषा त्यही खस भाषा मानिने नेपाली भाषाको विस्तारित रूप मान्न सकिन्छ ।  मध्यकालमा पनि मल्ल भाषा शक्तिशाली नै थियो भन्ने कुरा उक्त श्लोकले प्रष्ट पारेको छ । त्यही मल्ल भाषाले नै आधुनिक कालसम्म पुग्दा डोट्याली भाषाको रूप लिएको देखिन्छ । वर्तमानमा नेपालका प्रमुख भाषाहरूमध्ये ९औँ स्थानमा रहेको यस भाषाले अन्तर्राष्ट्रिय रूपमा मान्यता प्राप्त ISO Code No. 639 -3 Dotyali{dty} प्राप्त गरिसकेको छ । यस भाषाको अध्ययन अनुसन्धान हुनुले साहित्यको विकास, पत्रपत्रिका प्रकाशन, शब्दकोश निर्माण, रेडियो नेपालबाट प्रसारण कार्यक्रम सञ्चालन, पाठ्यपुस्तक लेखन तथा सम्पादन आदि कार्य पनि हुँदै गइरहेका छन् ।

यो समग्र सामाजिक भू-बनोट सांस्कृतिक प्रचलन, ऐतिहासिक विशिष्टता, मानवीय उच्चता, प्राकृतिक वैभवताले सु- सम्पन्न रहनुका साथै भाषिक एकरुपताभित्रको विभिन्नता एवम् प्रयोगगत सम्मिलनका दृष्टिले अन्य क्षेत्रको तुलनामा यस डोट्याली क्षेत्रको जनजीवनमा भाषाको बनौट, निर्माण, प्रयोग एवम् प्रचलनको स्वरुप समृद्ध देखिन्छ ।   यसमा ह्रस्व दीर्घ मात्रा हेर्दा इ र उ मा मात्रै नभएर अ, आ, ए, ओ मा पनि ह्रस्व दीर्घ मात्रा पाइएका छन् । यसरी डोट्याली भाषाका शब्दहरूलाई वर्णात्मक आलेखन प्रयोग गरी लघुतम युग्मका आधारमा ह्रस्व दीर्घ मात्रा छुट्ट्याइएको छ ।

लघुतम युग्म भनेको कुनै परिस्थितिमा दुइटा मात्र ध्वनिमा फरक हुने अनुप्रासयुक्त शब्दहरू हुन् । लघुतम युग्ममा फरक परिस्थितिमा आएर अर्थमा फरक ल्याउन सक्ने अनुप्रासयुक्त शब्दहरूलाई लघुतम युग्म भनिन्छ (पोखरेल: २०६४, पृ. २) । लघुतम युग्मको अर्थ जोडी हो । यो भनेको जोडी शब्द हो । लघुतम युग्मकै आधारमा कुनै पनि भाषाको वर्णमाला बनाउन सकिन्छ । लघुतम युग्म भनेको त्यस्ता दुईवटा शब्दको जोडी

हो । जसमा एउटै परिस्थितिमा क ख ध्वनि वा उच्चारणको फरक हुन्छ । जस्तै.:  /

/ कल / मेसिन

/ खल / ओखल यसरी / क / / ख/ वर्णले  अर्थमा  भेद ल्याएको छ ।

**अध्ययनको समस्या**

प्रस्तुत अध्ययन डोट्याली भाषाका वर्णहरूमा आधारित रहेको छ । कोस कोसमा वाणी बदलिन्छ भनेझैँ यस क्षेत्रभित्र पनि अनेक बोलीहरू रहेका छन् । भाषा अथाह समुद्रजस्तै भएकाले यसबाट निश्चित वर्णहरूको खोजी गर्नु आफैँमा चुनौतीपूर्ण नै छ । त्यति हुँदाहुँदै पनि विभिन्न खोज, अनुसन्धान गरी डोट्याली भाषामा भएका स्वर र व्यञ्जन वर्णहरूको पहिचान कसरी गर्न सकिन्छ ? तिनीहरूमा पनि ह्रस्व र दीर्घ मात्राको भेद कसरी देखाउन सकिन्छ भन्ने समस्यामा केन्द्रित रही यो अध्ययन गरिएको छ ।

**अध्ययनको उद्देश्य**

यस अध्ययनको मुख्य उद्देश्य डोट्याली भाषामा भएका वर्णको पहिचान गर्नु र ती पहिचान गरिएका वर्णहरूको ह्रस्व दीर्घको मात्राको भेद देखाउनु रहेको छ । आफैँमा विशिष्ट पहिचान बोकेको डोट्याली भाषाको अध्ययन अनुसन्धान गरी डोट्याली भाषालाई अझ सुदृढ बनाउँदै लैजानु पनि यसको उद्देश्य रहेको छ ।

**अध्ययन विधि**

प्रस्तुत अध्ययन डोट्याली भाषामा भएका वर्णहरूको शब्दार्थभेद देखाउनमा केन्द्रित रहेको छ । वर्णहरूमा विभेद ल्याउने काम लघुतम युग्मले गर्छ । यसैले डोट्याली भाषामा भएका वर्णहरूलाई लघुतम युग्मका आधारमा बटुली वर्णात्मक आलेखन विधि प्रयोग गरिएको छ । स्थलगत अध्ययनका आधारमा सर्वेक्षण विधिअनुरूप डोट्याली भाषी वक्ताहरूसँगको छलफल, भेटघाट, शब्दहरूको उच्चारण प्रक्रिया, शोधपुछ, अन्तर्वार्ता प्राथमिक स्रोतका रुपमा लिइएको छ भने वर्णसम्बन्धी अध्ययन गर्न विभिन्न पुस्तक, पत्रपत्रिका आदिलाई द्वितीयक स्रोतका रूपमा लिइएको छ । सङ्कलन गरिएका शब्दहरूलाई वर्णात्मक आलेखन विधि प्रयोग गरी लघुतम युग्मका आधारमा विभिन्न वर्ण विभेदीकरणअनुरूप छुट्याई वर्णसम्बन्धी अध्ययन, वर्गीकरण र विश्लेषण गरिएको छ । साथै वर्णहरूमा लघुतम युग्मकै आधारमा ह्रस्व दीर्घ मात्राको प्रयोगअनुसार शब्दार्थ पनि देखाइएको छ ।

**नतिजा र छलफल**

यस लेखमा डोट्याली भाषाका वर्णहरूको भेद छुट्याइएको छ ।  वक्ताहरूको आपसी छलफल अध्ययन अनुसन्धानबाट वर्णहरू सङ्कलन गरिएका छन् । आपसी छलफल, अन्तर्वार्ता, चाँडबाँड, भेटघाट

एवं नमुना छनोटको प्रक्रिया अवलम्बन गरी भाषिक व्यवहारबाट सामग्री सङ्कलन गरिएको छ । यस लेखमा लेखक डोट्याली भाषी वक्ता भएकाले मुख्य सूचक आफैँ रहेको छ । पूरक सूचकका रूपमा डोट्याली भाषाका विभिन्न उमेर समूह, लिङ्ग, जातजातिका व्यवसायी, पेसामा संलग्न वक्ताहरू मार्फत् शब्दहरूको अध्ययन गरिएको छ । विभिन्न छलफल खोज, अनुसन्धानबाट डोट्याली भाषामा भएका वर्णहरूको भेद छुट्याइएकाले यो अध्ययन आफैँमा महत्त्वपूर्ण रहेको छ । डोट्याली भाषा आफैँमा समृद्ध भाषा हो । पूर्वीय आर्य भाषाको माउ भाषा संस्कृत भाषामा इकार र उकारमा मात्र ह्रस्व, दीर्घ भेद देखिएको छ भने नेपाली भाषामा पनि इकार र उकारमा मात्र ह्रस्व, दीर्घ भेद देखिएको छ । तर डोट्याली भाषामा इकार र उकारमा मात्रै नभएर अकार, आकार, एकार र ओकारमा पनि ह्रस्व, दीर्घ वर्णभेद देखिएको छ । डोट्याली भाषाको अध्ययनका क्रममा पूर्ववर्ती विद्वान्हरूमध्ये बद्रीशर्मा बिनाडीद्वारा रचित डोटेली भाषिकाको शब्दकोशमा सुदूरपश्चिम क्षेत्रका विभिन्न भाषा भाषिकाका शब्दहरू सङ्कलन गरिएका छन् (शर्मा 'बिनाडी': २०५५, पृ. ६-४२) । डोट्याली भाषाका आधार सामग्रीका रूपमा शब्दहरूको प्रविष्टि गराइएका सन्दर्भमा प्रस्तुत लेखमा वर्णभेदबाट शब्दार्थ भेदमा देखिने विभिन्नताबारे अध्ययन गरिएको छ । देवराज भट्ट शर्माद्वारा लिखित डोटेली मूल भाषा विवेचन अर्थात् पहाडी व्याकरण नामक पुस्तकमा ध्वनि विवेचनका क्रममा ध्वनि भेदले अर्थभेद ल्याउँदछ भन्ने सन्दर्भमा केही शब्दार्थगत उदाहरणहरू दिइएका छन् । यस अध्ययनले डोट्याली भाषाको वर्णभेद बारे केही मात्रामा भए पनि जानकारी गराइएको छ ( भट्ट: २०६१, पृ. ३८) । यस अध्ययनबाट वर्णनात्मक आलेखनअनुरूपको वर्णविभेदीकरणको अध्ययनको क्षतिपूर्तिस्वरूप यस लेखमा डोट्याली भाषाका वर्णहरूको ध्वनितात्त्विक अध्ययन गरिएको छ । डोटी प्रदेशको वाङ्मय कोशमा वासुदेव भाइसाबद्वारा डोट्याली भाषा खण्डअन्तर्गत विभिन्न शब्दहरूको संस्कृतिपरक अध्ययन गरिएको छ (भाइसाब: २०६६, पृ. १-४४) । डोट्याली व्याकरण नामक पुस्तकमा 'ध्वनि भेद हुन्या शब्द' शीर्षकअन्तर्गत शब्दार्थ सूची उल्लेख गरिएको छ ( पन्त २०६७: पृ. ५०-५२) । यस अध्ययनमा शब्दार्थ भेदको सन्दर्भ रहेपनि वर्णात्मक आलेखनको भेदगत अध्ययनका परिपूर्तिस्वरुप प्रस्तुत लेखमा ध्वनितात्त्विक पद्धति अवलम्बन गरी वर्णभेदबारे अध्ययन गरिएको छ । यसै गरी आधारभूत डोट्याली व्याकरण नामक पुस्तकमा डोट्याली वर्णको लघुतम युग्मका उदाहरणहरू दिई वर्ण वितरण गरिएको छ ( प्रकाशक: २०७४, पृ. १९-२२) । उक्त प्रकारको अध्ययनका सापेक्षतामा ध्वनितात्त्विक पद्धति अवलम्बन गरी वर्ण भेदका आधारमा देखिने शब्दार्थ भिन्नतालाई ध्यानमा राखी यस लेखमा डोट्याली भाषामा भएका वर्णहरूमा लघुतम युग्मका आधारमा स्वर र व्यञ्जन वर्णहरूमा शब्दार्थगत भेदकता रहेकाले सङ्कलित सामग्रीहरूबाट डोट्याली भाषामा भएका वर्णहरूमा पाइएको भेदलाई निम्नानुसार अध्ययन गरिएको छ :

## १. स्वर वर्ण

### क. अननुनासिक ह्रस्व स्वरमा वर्णभेद

i. / अ / / कल / - मसिन, झगडा

/आ/ /काल / मृत्यु, समय

ii. अखडि – सबैसँग नमिल्ने

अखाडि – कोदोको ढिँडो

iii. / माल / -चिजवस्तु, मधेस

/ माला /- घाँटीमा लगाउने माला

माथिका लघुतम युग्महरूमा शब्द नं i. शब्दको शुरुमा अ र आ को वर्णभेद देखिएको छ। शब्द नं ii. शब्दको बिचमा अ र आ को वर्णभेद देखिएको छ। शब्द नं iii. शब्दको अन्त्यमा अ र आ को वर्णभेद देखिएको छ। यिनै शब्दयुग्मबाटै अर्थभेदकता पनि स्पष्ट भएको छ।

i. /इ/ मिलि / – मिल्ने काम गरी

/ ए/ मेलो/ - खर काट्ने ठाउँ

ii. / भाङि/ - गर्धन

/भाङे / – भाङ खाने व्यक्ति

iii. / मानि / मान्ने काम गरी

/माने / अर्थ

माथिका शब्द युग्महरूमा शब्द i. मा शब्दको शुरुमा इ र ए को वर्णभेद देखिएको छ। शब्द ii. iii. मा अन्त्यमा इ र ए मा वर्णभेद देखिएको छ।

i. / उ / उड्डु/ - उड्नु

/ ओ / ओड्डु / ओढ्नु

ii. / कचुर / - ठूलो कोसा हुने केराको एक जाति

/ कचोल / घिनलाग्ने किसिमले मुछ्ने काम

iii / बड्डु /– बढ्ने काम

/ बड्डो / - बूढो मानिस

माथिका शब्दहरूमा क्रमश: शब्दको शुरु, मध्य र अन्त्यमा उ र ओको वर्णभेद देखिएको छ ।

**ख. स्वर वर्णमा ह्रस्व दीर्घ मात्राको वर्णभेद**

i. / अ /घर / - मानिस बस्ने ठाउँ

/ अ: / घ:र / - भैँसीको पाठेघर

ii. / छाल / - जोर

/ छाल: / - कन्याको पाउ धुने काम, नदीको किनारा

माथिका शब्द युग्महरूमा i. मा ह्रस्व अ र दीर्घ अ: मा शब्दको शुरुमा र ii. मा शब्दको अन्त्यमा ह्रस्व अ र दीर्घ अ: मा वर्णभेद देखिएको छ ।

i. / आ /जाण – जान्नु

/ आ: / जा:ण- जाण, रक्सी

ii. / माण/- मान्नु

/मा:ण / - भातको माण

iii. /गाडो / – अप्ठ्यारो

/ गा:डो/ – मान्छे मरेको एघार दिनमा नदीमा गएर गरिने काम

माथिका शब्द युग्महरूमा शब्दको शुरुमा ह्रस्व आ र दीर्घ आ: मा वर्णभेद देखिएको छ ।

i. / इ / चिफलो / -चिल्लो

/ इ:/ चि:फलो /- कुरौटे, चिल्लो घस्ने

ii. / सित / - सँग

/सि:त / - शीत

माथिका दुइटै शब्दहरूमा ह्रस्व र दीर्घ इ, इः मा वर्णभेद देखिएको छ।

i. / उ /उचुन – उचाउनु

/उः / उःचुन – देवीदेवतालाई आफ्नो भाकल पुरा गर्न केही पैँसा सम्झेर भगवानका लागि राख्नु

ii. / धुन / - कपडा, भाँडाकुँडा आदि धुने काम

/धुःन / - मसिनो भुसजस्तै पराल

माथिका यी शब्द युग्महरूमा ह्रस्व उ र दीर्घ उः, मा शब्दको शुरुमा वर्णभेद देखिएको छ।

i. / ए / गेडो / - दाना

/ एः / गेःडो / - चरा

ii. सेलो – गाना

सेःलो - छाया

माथिका यी शब्द युग्महरूमा ह्रस्व ए र दीर्घ एः शब्दको शुरुमा वर्णभेद देखिएको छ।

i. / ओ / पोडा – मही बनाउने रेसा

/ ओः /पोःडा – धेरै गफ गर्ने कुरौटे

ii. /बासो /- बेलुखीपख

/बासोः /- बाँस भएको

माथिका यी शब्द युग्महरूमा ह्रस्व ओ र दीर्घ ओः शब्दको शुरुमा वर्णभेद देखिएको छ।

**ग. स्वरमा अनुनासिक र अननुनासिक वर्णभेद**

i. / अ / अखद्दु / - लुगा सुक्नु

/ अँ / अँखद्दु / - तिर्खाले आँत सुक्नु

माथिका यी शब्द युग्महरूमा अनुनासिक अँ र अननुनासिक अ मा शब्दको शुरुमा वर्णभेद देखिएको छ।

i. / आ / माच/- माच्ने, खेल्ने काम

/ आँ / माँच / रानी बस्ने मेचजस्तो अट्टालिका

माथिका यी शब्द युग्महरूमा अनुनासिक आँ र अननुनासिक आ मा  शब्दको शुरुमा वर्णभेद देखिएको छ।

i. / इ / खाइ – खाने काम

/ इँ / खाइँ – सित

ii. / कइजा / - घोडाको लगाम

/ कइँजा/ -  आमाको बहिनी

ii. / इजर / - कुलो नलाग्ने पाखो बारी /

/ इँजार / - नेफो

माथिका शब्द युग्महरूमा अनुनासिक इँ र अननुनासिक इ मा  क्रमश: शब्दको शुरुमा, मध्यमा र अन्त्यमा  वर्णभेद देखिएको छ।

i. / उ / सुण – सुन्ने काम

/उँ / सुँण - हात्तीको सुँण

ii. / गउँत्या / – गहुँत दिने गाईबाच्छी

/ गउत्या / – स्याउला काट्न मिल्ने रुख

iii. / जउँ/ - जौँ

/जउ / -  दलितले बाहुनलाई दिने ढोग

माथिका शब्द युग्महरूमा अनुनासिक उँ र अननुनासिक उ मा  क्रमश: शब्दको शुरुमा, मध्यमा र अन्त्यमा  वर्णभेद देखिएको छ।

i. / ए / पेला / थर विशेष

/ एँ / पेँला / पहेँला

ii. पनेरु – एक जाति, थर

पनेँरु – पानी धारो

iii. / नेले / - धान गोड्ने काम

/ नेलेँ / जेलनेलमा रहेका

माथिका शब्द युग्महरूमा अनुनासिक एँ र अननुनासिक ए मा क्रमश: शब्दको शुरुमा, मध्यमा र अन्त्यमा वर्णभेद देखिएको छ।

i. / ओ / खोज – खोज्ने काम

/ ओँ / खोँज – गाईवस्तुको खुरको छाप

ii. / घोच/ – घोच्ने काम

/ घोँच / - कुनाकन्दरा

माथिका शब्द युग्महरूमा अनुनासिक ओ र अननुनासिक ओँ मा क्रमश: शब्दको शुरुमा वर्णभेद देखिएको छ।

**२. व्यञ्जनमा वर्णभेद**

**क. व्यञ्जन वर्णमा प्राणत्वको वर्णभेद**

i. / क / कउन / - कागुनो

/ ख /खउन / - मास नहाली पकाएको पुरी

ii. / बोक्या/ - बोका

/ पोख्या / - पोख्नु

iii. / छाक /- एक छाक खाना

/ चाख / - चाख्नु

माथिका शब्द युग्महरूमा क्रमश: शब्दको शुरुमा, मध्यमा, अन्त्यमा क र ख मा वर्णभेद देखिएको छ।

i. / ग/ गडो – गरा

/ घ / घडो – केराको घरी

ii. / गुड / सख्खर

/घुड / दलहन बाली चुटेपछि निस्केको भुस

/ दगडि / साथी

/ दोघरि / दुईवटा घरहरूमा बसोबास भएको

माथिका शब्द युग्महरूमा क्रमश: शब्दको शुरुमा र बिचमा ग र घ मा वर्णभेद देखिएको छ।

i. / च / चेलो / छोरो

/ छ / छेलो / काममा बाधा विघ्न पुऱ्याउने काम

ii. /चल्लु / चल्ने काम

/ छल्लु / छल्नु

/साजि/ खरानी

/साछि/ साक्षी

माथिका शब्द युग्महरूमा क्रमश: शब्दको शुरुमा र अन्त्यमा च र छ मा वर्णभेद देखिएको छ।

i. / ज / जेडिन् जोडिनु

/ झ / झेडिन् एकदमै झ्याङ हुनु

ii. /जडा/ जरा

/झडा / खसाऊ

iii. /जुणि /कपालको जुरो

/ झुणि/ मकैको

/बाज / एक प्रकारको चरो

/ बाझ / बाँझ्नु

माथिका शब्द युग्महरूमा क्रमश: शब्दको शुरुमा, ज र झ मा  वर्णभेद देखिएको छ।

i. / टर्रो /  स्वादहीन

/ठर्रो / स्वादहीन

ii. / टुटो /  गरीब, धन, पैँसा नभएको

/ ठुटो / सिगरेटको ठुटो

iii. /टोटो/ प्वाल परेको भाँडो

/ ठोटो/  सानो कोठा

/टोटि/   हातमा धन नरहने महिला

/गोठि/ टाउकोको पछाडिको भाग

माथिका शब्द युग्महरूमा क्रमश: शब्दको शुरुमा, ट र ठ मा  वर्णभेद देखिएको छ।

i. / ड / डकार/  पेट भरिएपछि आउने डकार

/ ढ / ढकार / पात पतिङ्गर पोलेको धुँवाबाट निस्केको वास्ना

ii. / डाणो / डाडा

/ ढाणो / जोरको हुरी बतास

माथिका शब्द युग्महरूमा क्रमश: शब्दको शुरुमा, ड र ढ मा  वर्णभेद देखिएको छ।

i. / त /ताडो / पानी पर्दा आउने बाछिटा

/ थ /थाडो /  थारो गाई, भैँसी

ii. / तिर / तर्फ

/ थिर /  थिरिनु

iii. / तिथ/ तिथी

/ रित/  रीति

माथिका शब्द युग्महरूमा क्रमश: शब्दको शुरुमा र अन्त्यमा त र थ मा वर्णभेद देखिएको छ।

i. /द / दन/ गलैँचा

/ध/ धन/ धन

ii. /रोदना / कुनै कुरा रुगेर बस्नु

/ रोधना /रोजरोजै

iii. दाइन / दाहिने हुनु

/धाइन / धाउनु

माथिका शब्द युग्महरूमा क्रमश: शब्दको शुरुमा र अन्त्यमा द र ध मा वर्णभेद देखिएको छ।

i. / प/ पुलो / घाँसको मुठा

/फुलो / चाँदीको पैँसा

ii. / पापडो / कर्कलो

/फाफर / फापर

iii. / पाप / पाप

/ फाफ / भावी

माथिका शब्द युग्महरूमा क्रमश: शब्दको शुरुमा र अन्त्यमा प र फ मा वर्णभेद देखिएको छ।

i. /ब / बाला / अन्नका बाला

/ भ /भाला भाला

ii. /बुजो/ बिर्को

/ भुजो/ फर्सी

iii. / बिणि/ बि णी

/ भिणि/ पेटी

माथिका शब्द युग्महरूमा क्रमश: शब्दको शुरुमा ब र भ मा  वर्णभेद देखिएको छ।

**ख. व्यञ्जनमा घोषत्वको वर्णभेद**

i. / क / कालो  कालो

/ ग / गालो  घाँटी

ii. / कोडो/ कुना

/गोडो / खुट्टा

iii. / ताकला / मानिस

/फागला /  खर काट्ने जमीन

iv. / किलो /  के.जी.

/गिलो / नरम

माथिका शब्द युग्महरूमा शब्दको शुरुमा र मध्यमा क र ग को वर्णभेद देखिएको छ।

i. /ख/ खडि / कमेरो

/घडि/  केराको घरी, घडी, समय

ii  / खाम /  खम्बा, खाम

/ घाम / घाम

माथिका शब्द युग्महरूमा शब्दको शुरुमा ख र घ को वर्णभेद देखिएको छ।

i. / च / चल्लु / चल्नु

/ जल्लु /  जल्नु

ii. / चाल /  बानी व्यवहार/

/ जाल /  स्याउला बटुल्ने जाल, माछा मार्ने जाल।

माथिका शब्द युग्महरूमा शब्दको शुरुमा च र ज को वर्णभेद देखिएको छ।

i. / छ / छल / भुतप्रेतबाट डराउने काम

/ झ / झल / साँझ हुनु

ii. / छाल / जोर

/ झाल / दु:ख, रुखहरू भएको ठाउँमा देवीदेवता स्थापना गरिएको

माथिका शब्द युग्महरूमा शब्दको शुरुमा छ र झ को वर्णभेद देखिएको छ।

i. /ट/ टालो / कपडाको टुक्रो, खेतो सानो भाग

/ड/ डालो/ रूखको डाली, बाँसको चोयाबाट बनेको डालो

ii. /पेट/ पेट

/मेड/ साँध, सिमाना

माथिका शब्दयुग्महरूमा ट र ड को वर्णभेद देखिएको छ।

i. /त/ तन / शरीर

/दन/ गलैँचा

ii. /ताल/ ताल

/दाल/ दाल

iii. /तुन/ तुहिनु

/दुन/ दुहुनु

iv. /तिउन/ तिहुन

/दिउन/ देऊन

v. /गोद्या/ हलुवा

/तोत्या/ तोते बोली

माथिका शब्द युग्महरूमा शब्दको शुरु र बीचमा अकार, आकार, इकार, उकार, ओकारमा त र द को वर्णभेद देखिएको छ ।

i. /थ/ थडो / थडो

/ध/ धडो / कपडाको धरो, जमीनको धर्सो

ii. /थाम/ समात

/धाम/ पवित्र तीर्थस्थल

iii. /थुम/ केराको थम्बा, धामी बोलीमा एक वर्षको अवधि

/धुन/ धुनु

माथिका शब्द युग्महरूमा अकार, आकार, उकारका शब्दहरू थ, ध को वर्णभेद देखिएको छ ।

i. /प/ पल / समय

/ब/ बल / तागत

ii. /पाल/ पाल, नछुने हुने समय

/बाल/ कपाल

iii. /पिलो/ घाउ, खटिरा

/बिलो/ भागबण्डा

iv. /पालो/ पालो

/बालो/ तरुनो, गहुँको बाला

v. /पेलो/ बाच्छीले दुध पिउला

/बेलो/ लहरा

vi. /पोलो/ माहुरीको गोलो

/बोसो/ बोसो

माथिका शब्द युग्महरूमा अकार, आकार, इकार, एकार, ओकार शब्दहरूमा प र ब को वर्णभेद देखिएको छ।

i. /फ/फल/ फल,

/भल/ पानीको भेल

ii. /फान/ पिठो माड्नु

/भान/ भ्रम

iii. /फिको/ चियाको सुर्को

/भिणो/ चिउरीको फल

iv. /फुन/ फुकाल्नु

/भुन/ भुनभुन

v. /भेल/ भेल

/फेल/ फेल

माथिका शब्द युग्महरूमा अकार, आकार, इकार,उकार, एकार, शब्दहरूमा फ र भ को वर्णभेद देखिएको छ।

**३. नासिक्य व्यञ्जनमा स्थानको वर्णभेद**

i. /ङ/ भाङ् भाङ

/न/ भान् भ्रम

ii. /गाङो/ गङ्गा

/गानो/ तरुल आदिको गाना

iii. /म/ मुण सन्तान

/न/ नुन नुन

iv. /मिनो/ नदीमा उठ्ने छाल

/निलो/ निलो रङ्ग

v. /मेल/ मेलमिलाप

/नेल/ जेलनेल

vi. /ण/ खुण कुल्चिनु

/न/ खुन रगत

vii. /खाण/ मिस्री

/खान/ खानी

viii. /माणो/ चामलको लेदो पिठोबाट घिउ लगाएर बनाइएको बाक्लो रोटी

/मानो/ बीस मुठी बराबरको नाप भएको तामाबाट बनेको अन्न नाप्ने साधन

ix. /राणो/ विदुर

/रानो/ रानीमौरी

माथिका शब्द युग्महरूमा अकार, आकार, इकार, उकार, एकार ओकार शब्दहरूमा ङ र न, म र न, न र ण को वर्णभेद देखिएको छ।

**४. तरल व्यञ्जनमा स्थानको**

i. /र/ रलो घण्टीको भित्रपट्टिको ट्याङट्याङ बज्ने भाग

/ल/लडो मयलको टाटा, मोटो रस्सी

ii. /राल/ न्याल

/लाल/ रातो

iii. /रिखि/ ऋषि

/लिचि/ लिची, बच्चाको टाउकोमा जमेको लेदो

iv. /सिमार/ सिमसार जमीन

/सिमाल/ सिमतिरका बासिन्दा

v. /लुटुक्क्क/ मस्त निदाउनु

/रुडुक्क/ पुलुक्क हेर्नु

vi. /रोट/ गहुँको पिठोभित्र मासको लेदो हाली पकाएको रोटी

/लोत/ भिमल आदिको डोरी बनाउन मिल्ने भाग

माथिका शब्द युग्महरूमा अकार, आकार, इकार, उकार, एकार, ओकार शब्दहरूमा शब्दको शुरु र शब्दको बीचमा र र ल को वर्णभेद देखिएको छ।

**५. उष्म व्यञ्जनमा स्थानको वर्णभेद**

i. /स/सल घर, पर्खाल आदिमा पर्ने चिरा
/ह/हल एक हल गोरु, जोडा

ii. /सुण/ सुन
/हुण/ सौकाको एक जाति, हुनिया

iii. /सेरालो/ भिरालो जमीन
/हेरालो/ ग्वालो

iv. /सोरो/ गोतियार
/होरो/ भाग्यरेखा

माथिका शब्द युग्महरूमा अकार, आकार, इकार, उकार, एकार, ओकार शब्दहरूमा स र ह को वर्णभेद देखिएको छ।

**६. अन्तस्थ व्यञ्जनमा स्थानको वर्णभेद**

i. /य/याइँ यहीँ
/व/वाइँ/ त्यहीँ

ii. /कुयुन/ कुहाउनु
/खुवुन/ खुवाउनु

माथिका शब्द युग्महरूमा आकार, उकार, शब्दहरूमा य र व को वर्णभेद देखिएको छ।

## निष्कर्ष

डोट्याली भाषाको अध्ययन अनुसन्धान गर्दै जाँदा संस्कृत भाषा र नेपाली भाषामा नपाइएको वर्णभेद पाइएको छ। संस्कृत र नेपाली भाषामा इ र उ को मात्र ह्रस्व दीर्घ मात्रा भेटिएको छ भने डोट्याली भाषामा अकार, आकार, इकार, उकार, एकार र ओकारमा पनि ह्रस्व र दीर्घ मात्रा भेटिएका छन्। त्यसैगरी अननुनासिक ह्रस्व स्वरमा वर्णभेद, स्वरमा ह्रस्व र दीर्घ मात्राको भेद, स्वरमा अनुनासिकता र अननुनासिकताको वर्णभेद भेटिएको छ। अनुनासिक स्वरमा ह्रस्व र दीर्घ मात्राको भेद अनुसन्धानकै क्रममा रहेको छ। स्वर र वर्णमा पाइएका यी विभेदहरूमा कुनै वर्णमा शब्दको शुरु, शब्दको मध्य र शब्दको अन्त्यमा अकार, आकार, इकार, उकार, एकार, ओकार मा मात्रा भेद पाइएको छ। तर बढीजसो शब्दहरूमा शब्दको शुरुमा नै विभेद देखिएको छ। यसरी भेटिएका शब्दहरूलाई लघुतम युग्मकै आधारले हेरिएको छ। व्यञ्जन

वर्णमा पनि प्राणत्वको वर्णभेद, घोषत्वको वर्णभेद, नासिक्य व्यञ्जन, तरल व्यञ्जन, उष्म व्यञ्जन र अ:न्तस्थ व्यञ्जनमा स्थानको वर्णभेद गरी छ किसिमले विभाजन गरिएको छ। यसरी लघुतम युग्मका आधारमा शब्दको विभाजन गर्दा शब्दको शुरु, शब्दको बीचमा र अन्त्यमा पनि अकार, आकार, इकार, उकार,एकार, ओकार मात्रामा वर्णभेद देखा परेको छ। /अखडि/ /अखाडि/ , /चउड/ /चउ:ड/, /अखद्‌दु/ /अँखद्‌दु/ जस्ता शब्दहरूमा वर्णभेद भएर अर्थमा पनि फरक देखिएको छ। /कउल/ /खउल/, /गोडो/ घोडो/, / छोडो/ / झोडो/ आदि जस्ता शब्दहरूले शब्दको शुरुमा वर्णभेद देखाएको छ। /चाख/ /छाक/, /पोख्या/ /बोक्या/ जस्ता शब्दहरूले अन्त्य र बीचमा वर्ण विभेद देखाएका छन्। यसरी कुनै वर्णहरूमा शब्दको शुरु, बीच र अन्त्यमा कदेखि को सम्मका मात्रामा पनि वर्णभेद देखिएको छ।

## सन्दर्भ सामग्रीसूची


अधिकारी, सूर्यमणि (२०७०) खस साम्राज्यको इतिहास. काठमाण्डौँ : भुँडीपुराण प्रकाशन।

उपाध्याय रेग्मी, चुडामणि (२०४७) नेपाली भाषाको उत्पत्ति. काठमाडौँ: साझा प्रकाशन।

ओझा, देवीप्रसाद (२०४९), डोटी क्षेत्रको इतिहास तथा संस्कृति. कञ्चनपुर सामाजिक सेवा तथा अनुसन्धान समिति।

गौतम, देवीप्रसाद ( २०४९), नेपाली भाषा परिचय. काठमाण्डौँ: साझा प्रकाशन।

चटौत, आर.डी प्रभास (२०५८), डोट्याली बृहत शब्दकोश. काठमाण्डौँ : बेलु स्मृति प्रतिष्ठान।

जनसंख्या ग्रन्थ, (२०६८), काठमाण्डौँ: केन्द्रीय तथ्याङ्क विभाग।

पन्त, देवकान्त (२०३२), डोटेली लोकसाहित्य. काठमाण्डौँ: नेपाल एशियाली अध्ययन संस्थान।

पन्त, श्रीधर, (२०६७), डोट्याली व्याकरण. काठमाण्डौँ: जगदम्बा आधुनिक छापाखाना।

पाण्डेय, वासुदेव (२०६५), सुदूरपश्चिमका ताम्रपत्रहरूको सङ्कलन. लोकायन, नेपाल सांस्कृतिक प्रतिष्ठान।

पोखरेल, बालकृष्ण (२०२२), राष्ट्रभाषा. काठमाण्डौँ: साझा प्रकाशन।

पोखरेल, माधवप्रसाद (२०५६), नेपाली वाक्य व्याकरण. काठमाण्डौँ: एकता बुक्स।

...........(२०६४), नेपाली ध्वनिविज्ञान र नेपालका भाषाको ध्वनि परिचय. काठमाण्डौँ: भुँडीपुराण प्रकाशन।

पौडेल, राजेन्द्रप्रसाद ( २०७७), नेपालको भाषानीति र योजना आधार. काठमाण्डौँ: इन्टेलेक्च्युअल्ज बुक प्यालेस।

भट्ट, वासुदेव भाइसाब (२०६०), डोट्याली लोक संस्कृति र लोक साहित्य. काठमाण्डौँ: साझा प्रकाशन।

बन्धु, चुडामणि (२०७३), भाषाविज्ञान. ललितपुर: साझा प्रकाशन।

रावल, राजेन्द्रसिंह (२०७५), आधारभूत डोट्याली व्याकरण. कञ्चनपुर: महाकाली साहित्य सङ्गम।

सुवेदी, राजाराम (२०५६), कर्णाली प्रदेशमा डोटी राज्य. काठमाण्डौँ: गीता प्रिन्टिङ प्रेस।

शर्मा, 'बिनाडी' (२०५५), डोटेली भाषिकाको शब्दकोश. कञ्चनपुर: महाकाली साहित्य सङ्गम।